# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन




स्थान : विरकोट गा.वि.स , पाल्पा

मिति : २०७१।११।३०
**(आ.व ०७१/०७२)**

**पेश गरिएको**
जिल्ला विकास समिति, पाल्पा

**पेश गर्ने**
सकारात्मक सुनुवाई कार्यदल
जिल्ला विकास समिति , पाल्पा

# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन २०७१ । ११ । ३०

**भूमिका**

कुनै पनि संस्थाको औचित्यता त्यसले प्रवाह गर्ने सेवामा भर पर्ने हुन्छ । संस्था द्धारा प्रवाह गरिने सेवा वा वस्तुले आम जनता संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राखेको हुन्छ । आम जनता संग सरोकार राख्ने विषय संग असंम्वन्धित रहेमा त्यस्ता संस्थाहरुको वारेमा प्रश्न चिन्ह लाग्न सक्ने हुन्छ । जनता संग सरोकार रहेका कुनै पनि विषयलाई महत्वपूर्ण स्थान दिई कार्यरत रहेमा त्यस्ता संस्थाहरुले जनताहरुको विश्वास जित्न सफल भएका हुन्छन् । स्थानीय निकाय सहित वाट प्रवाह हुने सेवा वा वस्तु विना अवरोध आम जनताहरु संग सरलताका साथ निश्पक्ष भई निस्वार्थ रुपमा सेवाग्राही सम्म पुगोस भन्ने उद्देश्यले स्थापना भएका हुन्छन् ।

सेवा प्रदायक संस्था द्धारा आम जनताहरुलाई प्रवाह गरिएको सेवामा कुनै कमि कमजोरी भएमा त्यसलाई वेलैमा सुधार गर्नुपर्ने हुन्छ । यस्को लागि सेवा प्रदायक संस्थालाई सचेत गराउने, कमि कमजोरीमा सुधार गर्ने मौका दिने आदी कार्यमा सेवाग्राहीहरुले महत्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ । यि विभिन्न कुराहरुमा केन्द्रित रहेर आम जनताहरुको धारणा बुझ्नको लागि सार्वजनिक सुनुवाईको आवश्यकता पर्दछ । त्यसैले गर्दा यस जिल्ला विकास समिति पाल्पाले पनि आफ्नो सेवा प्रवाहको क्रममा भएका कमि कमजोरीहरुमा सुधार गरि आम जनताहरुलाई अझ प्रवाभकारी रुपमा सेवा दिनको लागि सार्वजनिक सुनुवाईको अवधारणा अगाडी ल्याएको छ । यस अवधारणा वाट जिल्ला विकास समितिले प्रवाह गर्ने सेवा प्रति आम जनताहरुको सकारात्मक सोचाइमा वृद्धि भई कार्यरत कर्मचारीहरुको कार्य दक्षतामा समेत अझै चुस्तता आउने छ ।

**उद्देश्य**

स्थानिय निकाय खास गरि जिल्ला विकास समितिबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्धेश्यहरु राखिएका छन् ।

क) जिल्ला विकास समितिबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय र सर्वपहुच बनाई सेवाग्राहीहरुको सन्तुष्टि बृद्धि गर्नु ।
ख) जिल्ला विकास समितिबाट प्रवाह हुने सेवाहरुबारे सरोकार नागरिकहरुलाई सचेतना अभिबृद्धि गर्नु ।
ग) जि वि सबाट प्रवाह हुने सेवाहरुमा सरोकार सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।
घ) जिविसका कृयाकलापहरुलाई पारदर्शी बनाउनु ।
ङ) जिविसका कृयाकलापहरुको सरोकार नागरिकहरु प्रति जवाफदेही बृद्धि गर्नु

**संचालन गरिएको कार्यक्रमको नाम :** **सार्वजनिक सुनुवाई**
**कार्यक्रम संचालन गरिने अवधि :** **१ दिन**
**स्थान :** **बिरकोट गा.वि.स , पाल्पा**
**आयोजक :** **जिल्ला विकास समितिको कार्यालय सकारात्मक सार्वजनिक सुनुवाई कार्यदल, पाल्पा**
**मिति :** **२०७१।११।३०**

जिल्ला विकास समितिको कार्यालय पाल्पाको आयोजना तथा सकारात्मक सुनुवाई कार्यदल पाल्पाको संचालनमा मिति २०७१।११।३० गतेका दिन पाल्पा जिल्लाको बिरकोट गा.वि.स मा निम्नानुसारको कार्यक्मका विच सकारात्मक सार्वजनिक सुनुवाईको आयोजना गरियो ।
अध्यक्षता : स्थानीय विकास अधिकारी श्री कृष्ण प्रसाद पाण्डे

अतिथी : प्रमुख जिल्ला इन्जिनियर श्री भिमार्जुन पाण्डे
अतिथी : योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री राजेश पन्थी
अतिथी : वरिष्ठ कार्यक्रम अधिकृत श्री दुर्गा वहादुर थापा
अतिथी : विरकोट गा.वि.स सचिव श्री दोमराज अर्याल

विरकोट गा.वि.स लाई केन्द्र मानेर संचालन गरिएको यस कार्यक्रममा फोक्सिङकोट, ताहुं, हेक्लाङ, गेफा, रिङ्नेरह र बिरकोट गा.वि.स का ७६ जना नागरिकहरु उपस्थित रहेको यस सार्वजनिक सुनुवाई कार्यक्रमको संचालन निम्नानुसार भएको थियो ।

कार्यक्रम संचालन : श्री शंकर भण्डारी
स्वागत : श्री राजेन्द्र लक्ष्मी गैरे
कार्यक्रमको उद्देश्यवारे जानकारी : श्री भिमार्जुन पाण्डे
आचार संहिता वारे जानकारी : कार्यदलका सदस्य श्री दल वहादुर राजपुत
धन्यवाद ज्ञापन : श्री लाल कुमारी राना
कार्यक्रम संचालक श्री शंकर भण्डारीले औपचारीक कार्यक्रमको शुरुवात गरे पश्चात कार्यक्रममा उपस्थित सहभागिहरुले कसरी प्रश्नहरु उठाउने र पालन गर्नुपर्ने आचार संहिताको वारेमा जानकारी गराए पश्चात सहभागिहरुले क्रमश हात उठाउदै आ आफ्ना जिज्ञासाहरु राखेका थिए ।

**सार्वजनिक सुनुवाईको क्रममा उठाइएका प्रमुख विषयहरु निम्नानुसार रहेका थिए**

- सडक निर्माण, मर्मत संभार
- खानेपानी निर्माण तथा मर्मत
- विद्युत वितरण
- सौचालय निर्माण
- अनुगमन

## सार्वजनिक सुनुवाईमा जिल्ला विकास समिति तथा गा.वि.स लाई राखिएका केहि प्रमुख प्रश्नहरु

- योजनाको कन्टीजेन्सी कसरी काटिन्छ, र के मा प्रयोग हुन्छ ?
- जि.वि.स का ओभर सियरहरुलाई भेटाउन ज्यादै गाह्रो भएको तथा अन्तिम मूल्यांकन गराउन समेत ज्यादै समस्या किन गराएको ?
- बिरकोट गा.वि.स मा खानेपानीको योजना मर्मत कस्ले गर्ने ?
- जिल्ला विकास समितिले शैक्षिक क्षेत्रको विकासको लागि के कस्ता कार्यक्रमहरु तर्जुमा गर्ने गरेको छ ?
- गा.वि.स ले गा.वि.स मा प्राप्त हुने वजेट वारे जानकारी गराउन नसकेको ।
- विरकोट गा.वि.स को वडा नं ९ मा कुनै पनि कार्यक्रम प्राप्त हुन नसकेको ।
- अति विपन्न समुदायलाई शौचालय निर्माणको लागि किन अनुदान दिन किन छाडियो ?
- आरे रामपुर मोटर वाटो कस्ले मर्मत गर्ने हो ?
- सडक विग्रेर मृत्युको धराप भएको छ केही भएमा कस्ले जिम्मा लिन्छ ?
- खोलाको गिटी र वालुवा व्यक्तिगत रुपमा प्रयोग गर्न मिल्छ कि मिल्दैन ?

- कृषि सडकको लागि वजेट पार्न के के प्रकृया अपनाउनु पर्ला ?
- कृषि सडक छनौट गर्दा पहुंचको आधारमा मात्र छनौट हुने गरेको ।
- जिल्ला विकास समितिले युवा वर्गको विकासका लागि कुनै पनि शिर्षकमा रकम विनियोजन किन गर्न सकेको छैन ?
- विद्युतिकरण गर्न वांकी रहेको घरहरुमा कहिले विद्युत पुग्ला ?
- गाउंका व्यक्तिहरु जिल्ल्ला विकास समितिमा कुनै कार्यक्रम माग्न जांदा वजेट छैन भनिन्छ तर सरकारी कार्यालयहरुले फोन र एक पान्ने निवेदन दिएको आधारमा वजेट उपलव्ध गराइन्छ , सरकारी कार्यालयहरुलाई जि.वि.स ले किन रकम दिनु पर्छ ?
- प्रविधिकहरुले समय तालिका वनाएर काम गर्ने गरेमा गा.वि.स हरुलाई सजिलो हुने थियो ।
- उपभोक्ताहरुले कति सम्म दुख पाउने हो समय निर्धारण गरिदिनु प-यो ।
- बिरकोट गेझा वर्दले मोटर वाटो कहिले पुरा हुनेहो ?
- बिरकोट सेफद वैकल्पिक मोटर वाटो कहिले पुरा हुने हो ?
- ग्रामिण सडक निर्माण गर्दा डोजर प्रयोग गर्न नपाइने कसरी वाटो खन्ने हो ? श्रम गर्ने व्यक्तिहरु गाउंमा छैनन् ।
- बिरकोट गा.वि.स खानेपानी इन्टेक भएको ठाउंमा जतातत्तैवाट भल पस्ने समस्या रहेको हुंदा भल नियन्त्रण गरिदिनु पर्ने ।
- जति पनि काम हुन्छ तर अनुगमन प्रभावकारी हुन नसक्दा कामको गुणस्तर न्यून हुने गरेको छ ।

**सुनुवाई कार्यकममा प्रश्न उठाउने व्यक्तिहरु**

- श्री नुन वहादुर थापा विरकोट गा.वि.स
- श्री प्रेम वारघरे विरकोट
- श्री इन्दिरा श्रेष्ठ ताहुं
- श्री सिमा श्रेष्ठ विरकोट
- श्री विष्णु वहादुर पल्ली विरकोट
- श्री फर्स वहादुर पुन विरकोट
- श्री ओम प्रसाद श्रेष्ठ विरकोट
- श्री युव कुमार विश्वकर्मा विरकोट
- श्री मन नारायण श्रेष्ठ बिरकोट
- श्री देव वहादुर कार्की फोक्सिङकोट गा.वि.स
- श्री उमान सिं सारु बिरकोट
- श्री मन वहादुर सिंजाली ताहुं
- श्री श्री टोप वहादुर कार्की ताहुं
- श्री भरत कुमार श्रेष्ठ ताहुं
- श्री केश वहादुर फाल हेक्लाङ
- श्री तुल वहादुर वारघरे हेक्लाङ
- श्री धातानन्द भट्राई रिङ्नेरह
- श्री चुडामणी ठाडा रिङ्नेरह
- श्री नर वहादुर नेपाली विरकोट

सहभागिहरुले राखेका विभिन्न जिज्ञासाहरुको वारेमा जि.वि.स का स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला इन्जिनियर, योजना अधिकृत, कार्यक्रम अधिकृत र गा.वि.स सचिवले जवाफ दिनु भएको थियो ।

## सेवाग्राहीहरुवाट प्राप्त सुझावहरु

| जि.वि.स तथा गा.वि.स ले सुधार गर्नुपर्ने पक्ष | सम्वद्ध निकाय |
|---|---|
| कार्यालयको कामको लागि खटिएका कर्मचारी सम्वन्धित कोठामा नै भएमा राम्रो हुने । | जि.वि.स |
| टाढावाट आउने सर्वसाधारणहरुको मर्का वुझेर काम गरिदिनु पर्ने । | जि.वि.स |
| कर्मचारीले छिटो काम गरिदिएमा चाडै घर जान पाइने र होटलमा वस्न नपर्ने । | जि.वि.स |
| स्वास्थ्य सम्वन्धी उपचार खर्च ज्यादै महंगो भएको हुंदा स्वास्थ्य क्षेत्रको उपचारको लागि आर्थिक सहायता वढाउन सकेमा ज्यादै राम्रो हुने थियो । | जि.वि.स |
| जिल्ला विकासले गर्ने सवै कामको वारेमा गाउंमा वुझाएमा राम्रो हुने । | जि.वि.स |
| जि.वि.स ले मोटर वाटो निर्माण गर्दा हिउंदको समयमा गर्नुपर्ने । वजेट सक्नको लागि र दुरुपयोग गर्नको लागि होइन । वर्षादको समयमा निर्माण कार्य गर्दा कुनै अर्थ हुदैन । | जि.वि.स |
| मोटर वाटो निर्माण गर्दा खोल्साहरुको लागि तार जाली संगै दिएमा काम गर्न सजिलो हुने थियो । | जि.वि.स |
| जि.वि.स ले पूर्वाधार विकास, सामाजिक आर्थिक विकास अन्तर्गतका कार्यक्रम र योजनाहरुको वढी भन्दा वढी अनुगमनमा जोड दिनु पर्दछ । | जि.वि.स |
| वजेट विनियोजन गर्दा योजना सम्पन्न हुने गरी विनियोजन भएमा राम्रो हुने थियो । | जि.वि.स |
| वाहिरवाट आउने सेवाग्राही लागि महिला र पुरुषको लागि सौचालयको निर्माण गरिनु पर्ने । | जि.वि.स |
| जिल्ला विकास समितिमा सोधपुस कक्ष हुनुपर्ने । | जि.वि.स |
| गा.वि.स सचिव सेवा दिने कर्मचारी भएको हुंदा सम्वन्धीत गा.वि.स मा नै रहेर सेवा दिनु पर्ने । अनेक वहाना गरी जि.वि.स मा वसेर काम गर्दा टाढा वाट काम गराउन आउने हामीहरुको होटल वास खर्च गाडी भाडा कस्ले व्यहोर्ने हो यस तर्फ तुरुन्तै सुधार गर्नु पर्छ । | गा.वि.स |
| तोकिएको गा.वि.स मा नै सचिव हुनु पर्ने । | गा.वि.स |
| योजना सम्झौता पछि वजेट तुरुन्त निकासा हुन पर्ने । | दुवै |
| योजनाको रकम विनियोजन गर्दा जनसंख्या, भौगोलिक अवस्था पिछडिएका वर्ग र समुदाय र विकासको पूर्वाधारको आधारमा गर्नुपर्ने । | दुवै |
| गा.वि.स सचिवले कार्यालय छाड्दा कहिले र कहां जाने भन्ने कुरा स्पष्ट सुचनापाटीमा टांस गरि सर्वसाधारणको लागि जानकारी दिनुपर्ने । | गा.वि.स |
| प्राथमिकताको आधारमा काम गर्नुपर्ने ( उमेर , अवस्था र दुरी ) | दुवै |
| जि.वि.स को नागरिक वडापत्र गा.वि.स मा अनिवार्य राख्नुपर्ने र संसोधित कुरा उल्लेख गर्नुपर्ने | गा.वि.स |

**सुझावहरु :**

माथि उल्लेखित सुझाव तथा गुनासाहरु सम्वन्धित निकायहरुमा जानकारी गराउने र सेवा प्रवाहलाई चुस्त दुरुस्त गराउनु पर्ने देखिन्छ ।

**उपस्थित सहभागिहरु : जना ७६ जना**

## सकारात्मक सार्वजनिक सुनुवाईको आचारसंहिता

१. सुनुवाइका सहभागीले बोल्नेको लिखित वा संकेत (हात उठाएर)बाट अनुमति लिनुपर्दछ ।

२. संचालकले सहमति दिए पश्चात मात्र बोल्नुपर्नेछ ।

३. सहभागी तथा वक्ताहरुको लागि समय सीमा तोकिनुपर्दछ र समय सीमा भित्र रहि बोल्नुपर्नेछ ।
४. सहभागीहरु आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषयकेन्द्रित भएर बोल्नु पर्नेछ ।
५. अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई संचालकद्वारा बीचमै रोकि विषयकेन्द्रिततर्फ ल्याउनुपर्दछ ।
६. सहभागीले पहिले उठिसकेका विषयवस्तुलाई दोहऱ्याउन पाउने छैनन् । पहिले उठिसकेका विषय बस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनुपर्नेछ ।
७. सुनुवाईको क्रममा व्यक्तिगत लाञ्छना लगाउन पाउनेछैन र व्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाउने छैन ।
८. सहभागीहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनुपर्नेछ।

**जिल्ला विकास समिति**
**सकारात्मक सार्वजनिक सुनुवाई कार्यदल पाल्पा**

**१) श्री राजेन्द्र लिगल संयोजक**
**२) श्री लाल कुमारी राना सदस्य**
**३) श्री राजेन्द्र लक्ष्मी गैरे सदस्य**
**४) श्री दल वहादुर राजपुत सदस्य**
**५) श्री मायां वज्राचार्य सदस्य**
**६) श्री शंकर भण्डारी सदस्य**
**७) श्री बिनोद नेपाल सदस्य सचिव**

प्रतिवेदन लेखन

बिनोद नेपाल
कार्यक्रम अधिकृत
( सामाजिक विकास )

# फोटो झलक






